## जनगणनाको परिचय

**१. नेपालमा कहिले देखि जनगणना गर्ने काम शुरु भएको हो?**

उत्तरः- नेपालमा बि.सं. १९६८ (सन् १९११) साल देखि जनगणना गर्ने काम शुरु भएको हो ।

**२. नेपालमा जनगणना कति कति बर्षको अन्तरालमा संचालन हुँदै आएको छ?**

उत्तरः- नेपालमा प्रत्येक १०/१० बर्षको अन्तरमा जनगणना संचालन हुँदै आएको छ ।

**३. नेपालमा कहिले देखि आधुनिक जनगणना शुरु भएको मानिन्छ ?**

उत्तरः- नेपालमा बि.सं. २००९/११ (सन् १९५२/५४) साल देखि संचालन भएका जनगणनाहरु आधुनिक (वैज्ञानिक) जनगणना मानिन्छ ।

**४. जनगणना भन्नाले के बुझिन्छ?**

उत्तरः-नेपालमा अक्सर बसोबास गरेका सबै व्यक्तिको घरदैलोमा गणकहरु एकै समयमा पुगी निर्धारित समयभित्र परिवार तथा परिवारका सबै व्यक्तिहरुको जनसांख्यिक, सामाजिक तथा आर्थिक विवरणहरु संकलन गर्ने र यसरी संकलित तथ्याङ्कको प्रशोधन, सारिणीकरण एवं प्रकाशन गर्ने समष्टिगत प्रक्रियालाई "जनगणना" भनिन्छ ।

**५. जनगणनालाई किन महत्वपूर्ण राष्ट्रिय अभियानको रुपमा लिईन्छ?**

उत्तरः- जनगणना संचालनको लागि ठूलो परिमाणमा आर्थिक स्रोत साधन तथा जनशक्ति प्रयोग हुने र तयारीको लागि समेत लामो समय लाग्ने भएकोले जनगणनालाई एक महत्वपूर्ण राष्ट्रव्यापी महाअभियानको रुपमा लिईन्छ ।